// दित्तेल रुपाकोट मझुवागढी नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ६ संख्याः ५ मितिः १० आषाढ, २०८० साल

# भाग-२

दित्तेल रुपाकोट मझुवागढी नगरपालिकाद्वारा प्रकाशित

## दित्तेल रुपाकोट मझुवागढी नगरपालिकाको विपन्न नागरिक स्वास्थ्य बीमा कार्यक्रम कार्यविधि, २०८०

**प्रस्तावनाः** दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाभित्रको समुदायमा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच अभिवृद्धि मुख्य चुनौतीको रूपमा विद्यमान रहेकोले विपन्न, दलित तथा आर्थिक सामाजिक रूपले समस्यामा परेका नागरिकलाई स्वास्थ्य सेवा उपभोग गर्दा आउन सक्ने आर्थिक अवरोध हटाएर गुणस्तरीय स्वास्थ्य सेवाको समतामूलक पहुँच अभिवृद्धिका लागि विपन्न नागरिक स्वास्थ्य बीमा कार्यक्रममा विपन्न नागरिकलाई आबद्ध गराउँदै योगदान रकममा सहुलियत प्रदान गर्न एवं नेपालको संविधान २०७२ बमोजिम नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक प्राप्तीको प्रत्याभूति गर्न बाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा (७) र दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ बमोजिम नगर कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ।

## परिच्छेद - १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "विपन्न नागरिक स्वास्थ्य बीमा कार्यक्रम कार्यविधि २०८०" रहेको छ।

(२) यो कार्यविधि दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "कार्यपालिका" भन्नाले दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले दिक्तेल रुपाकोट मझुवागढी नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ।

(ग) "नगरपालिका" भन्नाले दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकालाई सम्झनु पर्छ।

(घ) "स्वास्थ्य बीमा" भन्नाले स्वास्थ्य बीमा ऐन बमोजिमको नेपाल सरकारको स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत स्वास्थ्य सेवा प्राप्तीका लागि व्यक्ति एवं परिवारले गर्ने बीमा सम्झनु पर्छ।

(ङ) "विपन्न नागरिक स्वास्थ्य बीमा कार्यक्रम" भन्नाले नगर कार्यपालिकाबाट स्वीकृत विपन्न नागरिक स्वास्थ्य बीमा कार्यक्रम सम्झनु पर्छ।

(च) "सहुलियत" भन्नाले नेपाल सरकारको स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत स्वास्थ्य बीमामा सहभागी हुँदा विमितले बुझाउने योगदान रकम प्रिमियममा नगरपालिकाले दायित्व बहन गर्ने रकमलाई सम्झनु पर्छ।

(छ) "योगदान रकम (प्रिमियम)" भन्नाले नेपाल सरकारको स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत स्वास्थ्य बीमामा सहभागी हुँदा बिमितको तर्फबाट बुझाउने सबै रकम सम्झनु पर्छ।

(ज) "विपन्न" भन्नाले आर्थिक तथा सामाजिक गरिवीको आधारमा नगरपालिकाले वर्गीकरण गरी सूचिकृत गरेको आर्थिक एवं सामाजिक गरीवीको समस्याग्रस्त परिवारलाई सम्झनु पर्छ।

(झ) "स्वास्थ्य सेवा" भन्नाले स्वास्थ्य बीमा ऐन, २०७४ को दफा ५ बमोजिम प्राप्त हुने सम्पूर्ण स्वास्थ्य सेवालाई सम्झनु पर्छ।

(ञ) "बिमित" भन्नाले स्वास्थ्य बीमा कार्यक्रममा सहभागी भई योगदान रकम (प्रिमियम) भुक्तानी गरेको परिवारलाई सम्झनु पर्छ।

(ट) "बोर्ड" भन्नाले स्वास्थ्य बीमा बोर्डलाई सम्झनु पर्छ।

(ठ) "मन्त्रालय" भन्नाले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई सम्झनु पर्छ।

(ड) "नागरिक" भन्नाले नगरपालिकाको नागरिकलाई सम्झनु पर्छ।

(ढ) "दर्ता सहयोगी" भन्नाले स्वास्थ्य बीमा नियमावली, २०७५ को नियम १२ बमोजिम नियुक्त व्यक्ति सम्झनु पर्छ।

## परिच्छेद - २

## कार्यक्रममा आबद्धता सम्बन्धी व्यवस्था

**३. आबद्धताः** नेपाल सरकारको स्वास्थ्य सेवा नियमावली, २०७५ को नियम ३ बमोजिम देहाय अनुसारको आबद्धता हुनेछ।

(१) कार्यक्रममा सहभागिताको लागि ५ (पाँच) जनासम्म सदस्य रहेको परिवारलाई एक एकाइ मानिनेछ ।

(२) कुनै परिवारमा पाँच जनाभन्दा बढी सदस्य भएमा बढी भए जति सदस्यको हकमा प्रति व्यक्ति स्वास्थ्य सेवा नियमावली, २०७५ को अनुसूची-१ बमोजिमको योगदान रकम भुक्तानी गर्ने गरी आबद्ध हुन सकिनेछ।

(३) कार्यक्रममा आबद्धता सम्बन्धी अन्य व्यवस्था स्वास्थ्य सेवा नियमावली, २०७५ बमोजिम हुनेछ।

**४. आबद्ध हुने माध्यमः** (१) स्वास्थ्य सेवा नियमावली, २०७५ को नियम ५ बमोजिमका देहायका आबद्ध हुने माध्यम हुनेछ।

(क) दर्ता सहयोगी मार्फत,

(ख) बीमा व्यवस्थापन सूचना प्रणाली मार्फत विद्युतीय दर्ता प्रणालीबाट।

(२) स्वास्थ्य बीमा कार्यक्रममा आबद्धताका लागि नेपाल सरकार वा अन्तर्गतका निकायबाट जारी गरिएको परिचय खुल्ने कुनैपनि लिखतलाई आधार मान्न सकिनेछ।

## परिच्छेद - ३

## योगदान रकम र सहुलियत सम्बन्धी व्यवस्था

**५. योगदान रकमः** (१) कार्यक्रममा आबद्ध हुँदा लाग्ने योगदान रकम स्वास्थ्य सेवा नियमावली, २०७५ को अनुसूची-१ बमोजिम हुनेछ।

(२) योगदान रकम सम्बन्धी अन्य व्यवस्था स्वास्थ्य सेवा नियमावली, २०७५ को नियम १५ को उपनियम (२), (३), (४), (५) बमोजिम हुनेछ।

**६. व्यहोर्ने योगदान रकमः** (१) कार्यक्रममा आबद्धताको लागि स्वास्थ्य सेवा नियमावली, २०७५ को नियम १६ को उपनियम (१) को अधिनमा रही नेपाल सरकार, कोशी प्रदेश सरकार वा नगरपालिकाले व्यहोर्ने योगदान रकम देहाय बमोजिम हुनेछ।

(क) प्रचलित कानून बमोजिम अति गरीबको परिचय पत्र प्राप्त परिवारको योगदान रकमको शतप्रतिशत नेपाल सरकारले (संघीय सरकारको कार्यक्रम तथा बजेट प्राप्त भएपछि मात्र),

(ख) अति अशक्त अपाङ्गता (रातोकार्ड) कुष्टरोगी, एच.आइ.भी. संक्रमित, जटिल खालको क्षयरोगी (एम. डी. आर. टि. बी.) विरामी भएका परिवारको योगदान रकमको शतप्रतिशत नेपाल सरकार वा प्रदेश सरकारले,

(ग) सत्तरी वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकको योगदान रकमको शतप्रतिशत नेपाल सरकारले,

(घ) महिला स्वास्थ्य स्वयं सेविका संलग्न भएको परिवारको योगदान रकमको ५० पचास प्रतिशत नेपाल सरकारले,

(ङ) नगरपालिकामा सूचिकृत गरिएको सम्बन्धित वडाको सिफारिसको आधारमा विपन्न तथा अति विपन्न परिवारको योगदान रकम मध्ये अधिकतम रू. ३५०० (तीन हजार पाँच सय) सम्म नगरपालिकाले।

**७. सहुलियत प्राप्त गर्न सक्नेः** (१) दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाले वर्गीकरण गरी सूचिकृत सम्बन्धित वडाले सिफारिस गरेका विपन्न परिवारले स्वास्थ्य बीमा गर्दा सहुलियत प्राप्त गर्न सक्नेछन।

**८. सहुलियत प्राप्त हुने प्रक्रियाः** (१) यस कार्यक्रममा सहभागी हुन चाहने नागरिक (आवेदक) हरूले स्वास्थ्य बीमा योगदान रकम सहुलियतको लागि अनुसूची-१ अनुसारको आवेदन फाराम भरी देहायका कागजात संलग्न गरी दर्ता सहयोगी मार्फत पेश गर्नु पर्नेछ।

(क) स्वास्थ्य बीमा नियमावलीको नियम ६ संग सम्बन्धी अनुसूची-२ को बीमालेख फाराम (भरिएको),

(ख) सम्बन्धित वडा कार्यालयको विपन्नता प्रमाणित सम्बन्धी सिफारिस पत्र,

(ग) नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी।

**९. रकम उपलब्ध गराउनेः** (१) दफा ८ वमोजिम प्राप्त आवेदनहरू दफा ११ बमोजिमको पालिकास्तरीय स्वास्थ्य बीमा संयोजन समितिले जाँचवुझ गरी सूचना प्रकाशन गर्नेछ। सो सूचनामा तोकिएको समयभित्र तोकिए बमोजिम साझेदारी रकम बीमा दर्ता सहयोगी मार्फत जम्मा गरे पछि कार्यालयबाट योगदान रकम

(प्रिमियम) मा सहुलियत वापतको रकम थप गरी स्वास्थ्य बीमा बोर्डलाई भुक्तानी गरिनेछ।

(२) विपन्नताको श्रेणीका आधारमा देहाय बमोजिम योगदान रकम (प्रिमियम) मा सहुलियत वापतको रकम उपलब्ध हुनेछ।

(क) अति विपन्न नागरिकहरूलई प्रति परिवार रु ३५००/- को दरले,

(ख) विपन्न नागरीकहरूलई प्रति परिवार रु २५००/- को दरले।

**१०. सहुलियत प्राप्तीको अवधी :** नगरपालिकाको स्वीकृत बार्षिक कार्यक्रममा श्रोत व्यवस्थापन भएसम्म।

## परिच्छेद- ४

## समिति, अनुगमन, मूल्याङ्कन सम्बन्धी व्यवस्था

**११. नगरपालिकास्तरीय स्वास्थ्य बीमा संयोजन समितिः** (१) नेपाल सरकार स्वास्थ्य सेवा नियमावली, २०७५ को नियम २६ लाई आधार मानी देहाय अनुसारका पद एवं प्रतिनिधित्व रहने गरी नगरपालिका स्तरीय स्वास्थ्य बीमा संयोजन समिति गठन हुनेछ।

(क) नगरप्रमुख - संयोजक

(ख) नगर उपप्रमुख - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) सामाजिक विकास समितिका संयोजक - सदस्य

(ङ) स्वास्थ्य बीमा कार्यक्रम सम्बन्धी विशेष अनुभव वा विज्ञता हासिल गरेको कार्यपालिका सदस्य वा सामाजिक क्षेत्रका व्यक्ति मध्ये नगर प्रमुखबाट मनोनित १ जान - सदस्य

(छ) स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

**१२. नगरपालिकास्तरीय स्वास्थ्य बीमा संयोजन समितिको काम कर्तव्य र अधिकारः** (१) नगरपालिकास्तरीय स्वास्थ्य बीमा संयोजन समितिको काम कर्तव्य र अधिकार देहाय अनुसार हुनेछन्।

(क) स्वास्थ्य बीमा सम्बन्धी नगरपालिकास्तरीय कार्यक्रमको स्रोत व्यवस्थापन योजना तर्जुमा तथा कार्यक्रम कार्यान्वयनमा कार्यपालिकालाई सहयोग गर्ने,

(ख) कार्यक्रमको नियमित अनुगमन मुल्याङ्कन, समीक्षा, पृष्ठपोषण, सुधार एवं विस्तार,

(ग) स्वास्थ्य बीमा सम्बन्धी गुनासो व्यवस्थापन,

(घ) स्वास्थ्य बीमा बोर्डसंग समन्वय एवं निर्देशनको कार्यान्वयन,

(ङ) प्रिमीयम सहुलीयतका लागी प्राप्त आवेदनहरू छानवीन गरी निर्णय गर्ने।

## परिच्छेद-५

## बाधा अडकाउ फुकाउ सम्बन्धी व्यवस्था तथा विविध

**१३. बाधा अड्काउ फुकाउः** कार्यालयले आवश्यक व्यवस्थापन गर्ने यस कार्यबिधिको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा नगरकार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

**१४. विविधः** यस कार्यविधिमा उल्लेख नभएका विषयमा प्रचलित ऐन, नियमावलीमा उल्लेख भए अनुसार हुनेछ।

## अनुसूची - १
## (दफा ८ (१) सँग सम्वन्धित आवेदनको ढाँचा)

मितिः ............

विषयः स्वास्थ्य बीमा योगदान रकम सहुलियतको लागि आवेदन।

श्रीमान् नगर प्रमुख ज्यू,
दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, दिक्तेल, खोटाङ।

उपरोक्त सम्बन्धमा विपन्न नागरिक स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत स्वास्थ्य बीमा योगदान रकम सहुलियतको लागि देहाय अनुसार कागजात सहित निवेदन फाराम पेश गरेको छु।

संलग्न कागजातहरू

१, नागरिकता वा जन्मदर्ताको प्रमाण पत्र प्रतिलिपी,
२, सम्वन्धित वडा कार्यालयको विपन्नता प्रमाणित सम्बन्धी सिफारिस पत्र,
३, स्वास्थ्य बीमा नियमावलीको नियम ६ संग सम्बन्धित अनुसूची २ को बीमालेख फाराम (भरिएको)

आवेदक:

नाम थर:-

ठेगाना नागरीकता नं. :-

सम्पर्क नं. :-

**प्रमाणीकरण मितिः २०८०।०३।०६**

**आज्ञाले,**
**राज कुमार राई**
**नि. प्रमुख प्रशासकीय अधिकृत**